# लुम्बिनी साझेदारी वन उपभोक्ता समूह
## कञ्चन, रुपन्देही

पत्र संख्या : ०८१/०८२
च.न :-

मिति : २०८१/१२/१२ गते

**विषय : शिलवन्दी बोलपत्र आव्हानको सूचना !!!**

प्रस्तुत विषयमा यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन योजना बमोजीम पुनरुत्पादन कटान हुने सव कम्पार्टमेन्ट **C1S1, C2S1, C4S1** को प्रथम वर्किङ युनिट तथा ढलापडा गरी तपसिलको ठेक्का नं. १,२,४ र ५ बमोजिमको छपान भएको रुख (काठ दाउरा) कटान, मुछान गरी संकलन गर्ने कार्यको लागि ठेक्का दिनु पर्ने भएकोले शिलवन्दी बोलपत्रद्वारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न काठ व्यवसाय गर्ने उदेश्यले दर्ता भएका इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले निम्न शर्तहरुको अधिनमा रही निम्नानुसार शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) काठ दाउरा कटान मुछान तथा संकलन गर्ने कार्य लुम्विनी साझेदारी वनको पुनरुत्पादन कटान गरिने सव कम्पार्टमेण्ट ठेक्का नं. १, **C1S1** प्रथम वर्किङ युनिटका रुख १८९ थान (काठ ६१३३.४८ क्यु.फि. तथा दाउरा २४.८९ चट्टा), ठेक्का नं. २, **C2S1,** प्रथम वर्किङ युनिटका रुख २०४ थान (काठ ७५०९.०६ क्यु.फि. तथा दाउरा २३.३७ चट्टा), ठेक्का नं. ४, **C4S1** प्रथम वर्किङ युनिटका रुख १०५ थान (काठ ४०९५.९५ क्यु.फि. तथा दाउरा ११.२१ चट्टा) तथा ढलापडा रुख थान १४६ थान (काठ ८९४३.५३ क्यु.फि. र दाउरा २२.४१ चट्टा) जम्मा रुख ६४४ को काठ २६६८२.०१ क्यु.फि. र दाउरा ८१.८८ चट्टा आँफुले कबुल गरेको दररेटमा कटान मुछान गरी घाटगद्दी गर्नु पर्नेछ।

तपसिल:

| ठेक्का नं | सव कम्पाटमेन्ट | छपान रुख संख्या | छपान मुल्यांकन | | | लगत अनुमान (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| | | | जम्मा आयतन (क्यु.फिं) | काठ (क्यु.फिं) | दाउरा चट्टा | |
| १ | C1S1_Working Unit 1 | १८९ | १४४३१.४५ | ६१३३.४८ | २४.८९ | १२७९८८९.२४ |
| २ | C2S1_Working Unit 1 | २०४ | १५२९८.०८ | ७५०९.०६ | २३.३७ | १४५७२४९.०४ |
| ४ | C4S1_Working Unit 1 | १०५ | ७८३३.५६ | ४०९५.९५ | ११.२१ | ७७११३५.९४ |
| | पुनरुत्पादन कटानको जम्मा | ४९८ | ३७५६३.०९ | १७७३८.४९ | ५९.४७ | |
| ५ | ढलापडा | १४६ | १६४१३.३० | ८९४३.५३ | २२.४१ | १६५१८५५.४२ |
| | कुल जम्मा | ६४४ | ५३९७६.३९ | २६६८२.०१ | ८१.८८ | |

घाटगद्दी र संकलन हुने क्षेत्रको दुरी : ०-५ कि.मि.।
संकलन खर्च : काठ प्रति क्यु.फि. रु. १४६/- र दाउरा प्रति चट्टा रु. १५४४४/- को दरले मु.अ.कर बाहेक।

२) दरभाउपत्र प्राप्त गर्न चाहने व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले प्रस्तुत सूचना प्रकाशित भएको मिति २०८१/१२/१२ (राष्ट्रिय दैनिक, बुटवल टुडे, वर्ष १३, अंक १५२) ले १५ औं दिन मिति २०८१/१२/२६ गते सम्म कार्यालय समय भित्र नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाण, मु.अ. कर दर्ता प्रमाण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी छुटाछुटै दरभाउपत्रको लागी रु. १०००/- तिरि (फिर्ता नहुने) यस लुम्विनी साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाइको कार्यालय, फायरलाईन तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट वाट प्राप्त गर्न सकिने छ।

२०८१/१२/१२

Scanned with CamScanner